

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

# नेपालको संविधानमा महिला अधिकार

# नेपालको संविधान २०७२


संविधान नेपालको मूल कानुन हो । संविधानले देशको राज्य तथा शासन सञ्चालन प्रकृया सुनिश्चित गर्दछ । संविधानको आधारमा देशमा अन्य सम्पूर्ण कानून, नीति, नियमहरु बन्दछन् । यसकै आधारमा कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका गठन हुन्छ । सरकारका विभिन्न अङ्गहरूबीच काम कर्तव्य तथा शक्तिको विभाजनका साथै तीनीहरूबीचको सु-सम्बन्ध समेत सुनिश्चित गर्दछ । संविधानले नागरिकको मौलिक अधिकारको व्यवस्था गर्नका साथै ती अधिकारहरूको संरक्षणको व्यवस्था समेत गरेको हुन्छ । संविधानसँग बाझिने अन्य कानुन बाझिएको हदसम्म अमान्य हुन्छन् । नेपालको संविधान २०७२ नेपालको विद्यमान संविधान हो । यो संविधान जनाताका प्रतिनिधिले पारित गरेको पहिलो र नेपालको सातौं संविधान हो । यस संविधानमा ३५ भाग, ३०८ वटा धारा, ९ वटा अनुसूचिहरु रहेका छन् ।

राज्य सञ्चालन तथा अन्य क्षेत्रमा महिलाहरूको अधिकार सुनिश्चित गर्ने क्रममा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ नेपालको संविधान (२०७२ साल असोज ३ गते) जारी भएको छ ।

राष्ट्रहित, लोकतन्त्र र राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि नेपाली महिलाहरूले पटक-पटक प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गर्दै आएका ऐतिहासिक आन्दोलन, संघर्ष र योगदानलाई कदर गर्दै महिलाहरूको विशेष आवश्यकतालाई गम्भीर्यताका साथ आत्मसाथ गरी विशेष अधिकारको व्यवस्था सहित अस्तित्वमा आएको यो संविधानले परिवर्तनका मुद्दाहरु संस्थागत गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । संविधान राम्रो बनाउनु मात्र सबैथोक होइन, यसको कार्यान्वयनमा नै संविधानको सफलता निर्भर रहन्छ । तसर्थ संविधानलाई व्यवहारमा उतार्नु अपरिहार्य हुन्छ । जसले गर्दा महिलाको अधिकार सुनिश्चित हुन सकोस् र उनीहरूले आफ्नो अधिकार उपभोग गर्न पाउने वातावरण तयार होस् । यसका निम्ति नेपालको संविधान २०७२ ले महिलालाई प्रदान गरेको अधिकारका बारेमा सबै महिलाहरूले जान्नु तथा बुझ्नु जरुरी छ भन्ने मान्यतालाई मनन गरी यो जानकारी पत्र तयार गरिएको छ ।

# नेपालमा महिलाको अवस्था

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्य योजना कार्यान्वयनमा आएका छन् । परिवारदेखि समाज विकासको क्षेत्रमा महिलाको अति महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि राज्यको हरेक क्षेत्रमा महिलाको न्यून सहभागिता रहेको अवस्था छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्याको आधि भन्दा बढि १,३६,४५,४६३ महिलाको जनसंख्या रहेको छ । नेपालमा परम्परादेखि नै पुरुषप्रधान समाज रहेका कारण महिलाहरूको उपस्थिती र सहभागितालाई कानुनी रूपमा मान्यता प्रदान गरिएता पनि समाजमा महिलाको भूमिका, कार्यव्यवहार, अधिकार आदि परम्परादेखि नै सिमांकित गरिएका छन् । वर्षौदेखि महिलामाथि गरिदै आएको भेदभाव र महिलालाई हेर्ने दृष्टिकोणका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदाहरूमा महिलाको समानरूपमा सहभागिता र पहुँच पुरुषको तुलनामा धेरै नै कम रहेको छ ।
राजनीतिक क्षेत्रमा महिला सहभागितालाई हेर्दा स्थानिय निकायको निर्वाचनमा जम्मा १४,३५२ जना (४० प्रतिशत्) महिलाहरु निर्वाचित भएर आएका छन् । भने प्रतिनिधिसभा र



प्रदेशसभाको प्रत्यक्ष तर्फ बाट जम्मा २३ जना (प्रतिनिधिसभामा ६ जना र प्रदेशसभामा १७ जना) महिलाहरु मात्र निर्वाचित भएर आएका छन् । यसै गरी समानुपातिक तर्फ जम्मा २५६ जना (प्रनिनिधिसभा मा ८४ जना र प्रदेशसभामा १७२ जना) तथा राष्ट्रियसभामा २१ जना महिलाहरु निर्वाचित भएर आएका छन् ।

सरकारी तथा गैरसरकारी क्षेत्रको प्रयासका कारण महिला घरमूली २५.७ प्रतिशत, निजामती प्रशासनमा महिलाको

प्रतिनिधित्व १७ प्रतिशत रहेको छ भने महिला साक्षरता ५७.४ प्रतिशत छ । यसै गरी महिलाको औषत आयुमा सापेक्षिक रूपमा हाल आएर केही सुधार भएको पाइन्छ । महिलाको मानव विकास सूचक ०.५२१ छ । लैङ्गिक विकास सूचक विगतका वर्षमा ०.४९ भएकोमा सुधार भई ०.९० पुगेको छ (UNDP 2014) । त्यस्तै राजनैतिक सहभागिता, आर्थिक निर्णयमा सहभागिता र अवसर एवम् शक्ति अभ्यासको अवस्थालाई देखाउने लैङ्गिक शसक्तिकरण सूचकको स्थितीमा पनि पहिलेको तुलनामा केहि सुधार भएको देखिन्छ । (लैङ्गिक विकास र लैङ्गिक समानताको मापनका लागि विश्वव्यापी रूपमा आर्थिक सहभागिता, अवसर, शैक्षिक अवस्था र स्वास्थ्य पर्दछन्) । त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७२/७३ मा २२.३ प्रतिशत पुगेको छ । तर यति हुँदाहुँदै पनि देशमा राजनीति र नीतिगत रूपमा आएको परिवर्तन अनुरूप महिलाको सामाजिक र आर्थिक अवस्थामा भने परिवर्तन हुन सकेको भने छैन । अहिले पनि लैङ्गिक हिंसा २६ प्रतिशत र बालविवाह २९ प्रतिशत रहेको छ जुन महिला विकासको अवरोधको रूपमा रहेको छ ।

पितृसत्तात्मक सोच र सो सोचबाट निर्देशित/निर्मित विभेदपूर्ण सामाजिक, साँस्कृतिक मूल्य र मान्यताका कारण हाम्रो समाजमा महिला, पुरूष, यौन अल्पसंख्यक बिच सृजित असमान शक्ति सम्बन्धको परिणाम स्वरूप धेरै नै (संख्यात्मक रूपमा) महिलाहरु हिंसा भोग्न बाध्य छन् । नेपालमा प्रति एक लाख महिलामा २० जनाले आत्महत्या गर्ने गरेको पाइएको छ । २०१० देखि १४ सम्म तराइका ९ जिल्लामा २ हजार ९४ जनाले आत्महत्या गरेको तथ्याङ्क छ । आत्महत्याको प्रयास गर्नेमा पुरूष भन्दा महिलाको संख्या २ देखि ३ गुणाले बढि छ । आत्महत्या गरेका महिला मध्ये २१ प्रतिशत् १८ वर्ष भन्दा मुनिका रहेका छन् ।[१]

आर्थिक वर्ष २०७३/७४ मा नेपाल प्रहरीमा दर्ता भएका महिला हिंसाका घटनाको तथ्याङ्कलाई हेर्दा **११ हजार ६ सय २९** घरेलु हिंसाका घटना, १ हजार १ सय ३१ जबरजस्ती करणीका घटना, २२७ वटा बेचबिखनका घटनाको उजुरी परेको छ भने ४६४ वटा बहुविवाह, २६ बाल विवाह लगाएतका घटनाहरु दर्ता भएको देखिन्छ । यसै गरी महिलामाथि हुने हिंसाको विश्लेषणात्मक प्रतिवेदन अन्वेषी[२] का अनुसार १,७४१ हिंसा प्रभावित महिलाहरूमध्ये ६५ प्रतिशत (१,१४० जना) महिलाहरूमाथि घरेलु हिंसा, १७ प्रतिशत (२९५ जना) महिलाहरूमाथि सामाजिक हिंसा, ७ प्रतिशत (१३० जना) महिलाहरूमाथि

१ हिमाल खबर पत्रिका, २०१७

२ अन्वेषी २०७५, ओरेक नेपाल

बलात्कार, २ प्रतिशत (३७ जना) महिलाहरूमाथि बलात्कारको प्रयास, ४ प्रतिशत (७२ जना) महिलाहरूमाथि यौनिक हिंसा, १ प्रतिशत (१३ जना) महिलाहरूको हत्या, ०.६ प्रतिशत (११ जना) महिलाहरूको बेचबिखन, २ प्रतिशत (१९) बेचविखनको प्रयास भएको पाईएको छ ।

नेपालमा २३ प्रतिशत् पुरूषहरूले निम्न कुनैपनि अवस्था भएमा श्रीमान्ले श्रीमतीलाई पिट्नु ठिक हो भन्ने सोचाई राख्ने गरेको पाइएको छः "श्रीमतीले खाना डढाएमा", "श्रीमान्सँग तर्क गरेमा", "श्रीमान्लाई नभनिकन बाहिर गएमा", "बच्चालाई वास्ता नगरेमा" वा "श्रीमान् सँग यौन सम्पर्क राख्न नमानेमा" । नेपालमा ५ महिलाहरु मध्ये १ भन्दा बढि (२२ प्रतिशत्) महिलाहरूले १५ वर्षको उमेरमा नै शारिरीक हिंसाको अनुभव गरेको र विवाहित महिलाहरूमध्ये ८४ प्रतिशत्ले हालको आफ्नै श्रीमान्बाट शारीरिक र भावनात्मक रूपमा हिंसा हुने गरेको पाइएको छ भने शारिरीक वा यौन हिंसा भोगेका महिलाहरु मध्ये ५ मा १ ले सो हिंसा रोक्न अरूबाट सहयोग लिनको लागि खोजी गर्ने गरेका छन् । यद्यपी, दुई- तिहाई महिलाहरूले कसैबाट पनि मद्दतको लागि कहिल्यै खोजी नगरेको र कसैलाई पनि नबताएको पाइएको छ ।[३]


पितृसत्तात्मक सामाजिक संरचनामा महिलालाई हेर्ने दृष्टिकोण र धारणा फरक भएकै कारण महिलाहरु हिंसा खेप्न बाध्य छन् । हाम्रो समाजले महिलालाई पुरूषभन्दा तल्लो स्तरको मान्दछन् र न्याय, राजनीतिक जीवनमा सहभागिता तथा व्यक्तिगत जीवनसँग सम्बन्धित निर्णयहरू गर्ने क्षमताबाट समेत उनीहरूलाई पाखा पारिएको छ । फलस्वरूप महिला स्वतन्त्र रूपमा हिंडडुल गर्न पाउने, सुरक्षित र स्वतन्त्र जीवन जिउन पाउने लगाएतका अधिकार बाट समेत बञ्चित हुनु परिरहेको अवस्था छ ।

## आर्थिक अवस्था

मानिसलाई मानिस भएर बाँच्नको लागि उनका सबै अधिकार हरूको संरक्षण, सम्बर्द्धन र सुनिश्चितता हुनु आवश्यक हुन्छ । मानव अधिकारको सिन्द्धान्त अनुरूप यी अधिकारहरूको उपभोग महिला र पुरूषले समान रूपले गर्न पाउनु पर्दछ । तर ब्यबहारमा हेर्दा हाम्रो देशको राज्य प्रणालीले सबै नागरिकलाई समान रूपमा अधिकार उपभोग गर्न सक्ने वातावरण दिएको छैन । विभेदपूर्ण राज्य व्यवस्था र लैङ्गिक विभेदका कारण महिलाको अवस्था पुरूषको तुलनामा निकै नै कमजोर छ ।

३ नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

विश्व अहिले आर्थिक विकासको तीव्रतर गतिमा अघि बढिरहेको बेला नेपालमा भने आर्थिक बृद्धिदर १ प्रतिशत भन्दा कम रहेको छ । विश्वका प्राय देशहरूको तुलनामा न्यून गतिमा आर्थिक विकास भइरहेको नेपालमा अझै करिब २१.६ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेको तथ्याँकले देखाएको छ । भने नेपालको आधा भन्दा बढी (५१. ५० प्रतिशत) जनसंख्या ओगटेका महिलाहरूको आर्थिक अवस्था झन् दयनीय रहेको देखिन्छ । सम्पत्तिमाथि महिलाको स्वामित्व बढ्दै गइरहेको देखिन्छ । सहरी क्षेत्रमा घर तथा जमिनमा २६.७७ प्रतिशत महिलाको स्वामित्व छ भने ग्रामीण क्षेत्रमा १८.०२ प्रतिशत महिलाको स्वामित्व रहेकोछ । माथिका यी सम्पूर्ण तथ्यांकहरूले महिलाको सम्पत्तिमा पहुँच बृद्धि भएको त देखिन्छ । तर महिलाको नाममा सम्पत्ति भएपनि त्यसको प्रयोग तथा निर्णय पुरुषहरूले नै गरिरहेको हामी पाउँछौ । श्रम सहभागिता दर ५४ प्रतिशत पुगेको छ । पछिल्लो तथ्याङ्कअनुसार ५५.२ प्रतिशत महिला कृषिबाट र ४४.८ प्रतिशत महिला गैरकृषिबाट आम्दानी गर्छन् । नेपाली महिलाको वार्षिक प्रतिव्यक्ति आय रू. १ हजार ७ सय ८६ छ भने पुरुषको रू. ४ हजार ४ सय २५ छ (राष्ट्रिय जनगणना २०६८)। आर्थिक क्रियाकलापमा संलग्न र स्वावलम्बी महिलाहरूको संख्या अझै पनि निकै कम रहेको छ । प्रत्यक्ष रूपमा आम्दानी हुने क्षेत्र वा स्थानमा महिलाहरु कम छन् भने आम्दानी गर्ने महिलाहरूमा पनि कति महिलाहरूको आफ्नो निर्णय अनुसार खर्च गर्न नपाउने अवस्था रहेको छ ।



पितृसत्ताले महिलाहरूको शरीर, उत्पादन र श्रम शक्ति तथा गतिशिलतामा नियन्त्रण गरेका कारण महिलाहरूको स्रोत माथिको पहुँच तथा नियन्त्रण छैन । महिलाको सम्पत्ति माथिको अधिकार कानुनि रूपमा सुनिश्चित भएता पनि ब्यबहार मा कार्यान्वयन हुन नसक्दा महिलाहरु आर्थिक रूपमा सशक्त भएर अगाडि आउने वातावरण बन्न सकेको छैन ।

## स्वास्थ्य अवस्था

स्वास्थ्य महिलाको आधारभूत मानव अधिकार हो । हरेक महिलाका लागि हर समय गुणस्तरिय स्वास्थ्य सेवाका साथै स्वास्थ्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने निर्धारकहरूमा पहुँच, सामिप्यता र ग्रहणता हुनु नै महिला स्वास्थ्य अधिकार हो । महिलापूर्ण रूपमा स्वस्थ रहन शरीरमा चोटपटक र रोग लागे नलागेको हेर्ने स्वास्थकर्मि र स्ववास्थ्य केन्द्रको व्यवस्थाले मात्र पुग्दैन उनको सामाजिक र आर्थिक अवस्थाका साथै स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने नकारात्मक तत्वहरूको समेत अन्त्य हुन आवश्यक छ । संयुत्तः राष्ट्रसंघका विशेष प्रतिवेदकका अनुसार लिंगको आधारमा महिला माथि गरिने प्रक्रियागत विभेदले उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै परिवारको स्वास्थ्यमा समेत असर गर्दछ ।

महिलाहरूको आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण छैन । पितृसत्ताले महिलाहरूको प्रजनन् शक्तिमा र यौनिकतामा नियन्त्रण गरेकै कारण महिलाहरूले आफ्नो जीवनको बारेमा पनि निर्णय लिन पाइरहेका छैनन् । आज पनि महिलाको स्वास्थ सँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका धेरै समस्याहरु लैंगिक विभेदका कारण हुने गर्दछन् । राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) ले २००६ मा गरेको एक अध्ययन अनुसार करिब ६ लाख महिलाको आङ खसेको (पाठेघर) खसेको देखाएको छ ।

नेपालमा ५ मध्ये २ बालिकाको १८ वर्ष नपुग्दै विवाह बन्धनमा बाधिन्छन् । १५ देखि १९ बर्षका १७ प्रतिशत् महिलाहरु किशोरी उमेरमै आमा भईसक्छन् (किशोरी उमेरका महिलाहरूको प्रजनन् दर शहरी क्षेत्रमा (१३ प्रतिशत्) भन्दा ग्रामिण क्षेत्रमा बढी (२२ प्रतिशत्) छ । प्रदेश अनुसार, किशोरी उमेरमा गर्भवती हुने सबै भन्दा बढि प्रदेश नं २ मा २७ प्रतिशत्सम्म छ । आधाभन्दा बढी (५३ प्रतिशत्) १५-४९ बर्षका विवाहित महिलाहरु परिवार नियोजनका कुनै न कुनै साधन वा सेवाहरु प्रयोग गर्न बाध्य छन् । यसले गर्दा पनि कतिपय महिलाहरूमा स्वास्थ्य समस्या देखिएको छ ।

नेपालमा दक्ष जनशक्ति (डाक्टर, नर्श) बाट आफ्नो गर्भावस्थाको जाँच गराउन पाउने महिलाको संख्या ४४ प्रतिशत मात्र छ । स्वास्थ्य संस्थमा गएर सुत्केरी भएका महिलाहरूको संख्या ५७ प्रतिसत् रहेको देखिन्छ । नेपालमा प्रति १००,००० जीवित

जन्ममा २३९ मातृ-मृत्यु भएको पाईएको छ भने १५-४९ बर्षका दश मध्ये चार महिलामा रक्तअल्पता रहेको छ । प्रदेश नं ४ मा सबैभन्दा कम (२८ प्रतिशत्) महिलाहरूमा मात्र रक्तअल्पता देखिएको छ भने प्रदेश २ मा ५८ प्रतिशत् महिलाहरूमा रक्तअल्पता भएको पाईएको छ । २००६ को तुलनामा महिलाहरूमा रक्तअल्पता ३६ प्रतिशत् बाट बढेर २०१६ मा ४१ प्रतिशत् पुगेको छ ।

यसले के देखाउँछ भने जबसम्म समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउँदैन, महिलामाथि हुने हिंसाको अन्त्य र महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुन सक्दैन तब सम्म महिलाको स्वास्थ्य अवस्थामा सुधार आउन कठिन छ ।



# महिलाको अधिकार सम्बन्धि संवैधानिक प्रावधानहरू

**प्रस्तावना :** यो संविधानको प्रस्तावनाले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनलाई आत्मसात्, नेपाली जनताले राष्ट्रहित, लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित नागरिकलाई सम्मान गरेको छ ।

## नेपालको संविधान २०७२ मा नागरिकता सम्बन्धि व्यवस्था

**धारा १०**

उपधारा १) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन  भनि ब्याख्या गरिएको छ ।

उपधारा (२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।



**धारा ११**

उपधारा २) (ख) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ ।

उपधारा ३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

उपधारा ४) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

उपधारा ५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ ।

उपधारा ६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।

उपधारा ७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

उपधारा १२) वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकता : मा संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने कुरालाई स्पष्ट गरेको छ ।

# नेपालको संविधानमा मौलिक हक र कर्तव्य सम्बन्धि व्यवस्था



## मौलिक हक

मौलिक हक भन्नाले कुनै नागरिकको हैसियतमा राज्यबाट उपभोग गर्न पाउने हक भन्ने बुझिन्छ । आधारभूत रूपमा करिब उस्तै भएपनि मौलिकहकहरु हरेक देश अनुसार फरक फरक हुन सक्छन् ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको उपलब्धि र जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न; संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगोशान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित यो संविधानले नेपाली नागरिकका ३० वटा मौलिकहकको व्यवस्था गरेको छ । संविधानको भाग ३ मा धारा १६ देखि ४६ सम्म मौलिकहकहरूलाई ब्याख्या गरेको छ । यी मौलिकहकहरु संविधान लागू भएको ३ बर्षभित्र कार्यान्वयन गर्ने संविधानमा नै उल्लेख गरिएको छ ।

कतिपय मौलिक हकहरूमा कानूनले व्यवस्था गरे बमोजिम हुनेछ भनी लेखिएको अवस्थामा कानून नबने सम्म त्यस्तो हकहरूको कुनै महत्व रहँदैन । यसकारण संविधानमा उल्लेखित हकहरु बिना अबरोध नागरिकले उपभोग गर्न पाउने व्यवस्था संविधानमा हुनुपर्दछ । मौलिक हकसँगै नागरिकले पूरा गर्न'पर्ने दायित्व पनि संविधानमा राखिएको छ । मौलिक हक कसैका लागि बढी र कसैका लागि कम भन्ने हुँदैन । यो सबै नागरिकलाई बराबर रूपमा लागू हुन्छ ।

## धारा १६. सम्मानपूर्वक बाँच्न पाउने हक

उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनि व्यवस्था गरिएको छ ।

## धारा १७. स्वतन्त्रताको हक

उपधारा (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिकस्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी व्यवस्था गरेको छ ।

यसैगरी विचार अभिब्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ ।

## धारा १८. समानताको हक

उपधारा १) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । उपधारा




उपधारा २) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

उपधारा ४) समान कामका लागि पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

उपधारा ५) पैतृक सम्पत्तीमा लैंगिक भेदभाव बिना सबै सन्तानको समान हक हुने व्यवस्था गरिएको छ ।

## धारा १९. सञ्चारको हक




उपधारा १) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचनाप्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचकोसु-सम्बन्धमा खलल पर्ने, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐनबनाउन रोक लगाएको मानिने छैन ।

## धारा २०. न्याय सम्बन्धी हक

उपधारा ९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भनी व्यवस्था गरेको छ ।




उपधारा (१०) मा असमर्थ पक्षलाई कानून बमोजिम नि:शुल्क कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको छ ।

## धारा २१. अपराध पीडितको हक

उपधारा (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनुका साथै

उपधारा (२) कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ भनि व्यवस्था गरेको छ ।

## धारा २२. यातना विरूद्धको हक

उपधारा १) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

## धारा २३. निवारक नजरबन्द विरूद्धको हक

उपधारा १) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

## धारा २४. छुवाछूत तथा भेदभाव विरूद्धको हक

कुनै पनि व्यक्तिलाई निजको जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न नपाइने कुरा उल्लेख गरिएको छ ।

## धारा २५. सम्पत्तिको हक

उपधारा १) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने व्यवस्था गरेको छ ।

## धारा २६. धार्मिक स्वतन्त्रताको हक

उपधारा १) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

## धारा २७. सूचनाको हक

उपधारा १) प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजानीक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुने तर कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरेको छ ।



**धारा २८. गोपनीयताको हक**

उपधारा १) कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य (भंग गर्न पाइने छैन) हुने व्यवस्था गरेको छ ।

**धारा २९. शोषण विरूद्धको हक**

उपधारा १) प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुने ।

उपधारा २) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने ।

उपधारा ३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने उपधारा

उपधारा ४) कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन नपाउने

उपधारा (३) र (४) विपरितको कार्य कानून बमोजिम दण्डनिय हुनेछ र पीडितलाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ ।

**धारा ३०. स्वच्छ वातावरणको हक**

उपधारा १) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

**धारा ३१. शिक्षा सम्बन्धी हक**

उपधारा १) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।उपधारा२)प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ ।



**धारा ३२. भाषा तथा संस्कृतिको हक**

प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने व्यवस्था गरेको छ । (उपधारा १ र २)

**धारा ३३. रोजगारीको हक**

उपधारा २ ले प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हकको व्यवस्था गरेको छ ।



**धारा ३४. श्रमको हक**

उपधारा १) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

उपधारा २) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

उपधारा ३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुने व्यवस्था गरेको छ ।



**धारा ३५. स्वास्थ्य सम्बन्धी हक**

उपधारा उपधारा १) अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था गरेको छ ।

**धारा ३६. खाद्य सम्बन्धी हक**

उपधारा १) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने व्यवस्था गरेको छ ।

## धारा ३७. आवासको हक

उपधारा १)  नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ ।

## धारा ३८. महिलाको हक

उपधारा (१) ले प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुने व्यवस्था गरेको छ भने उपधारा

उपधारा २) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ ।

उपधारा ३) ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा स्पष्ट गरेको छ ।

उपधारा (४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरेको छ  ।

उपधारा ५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने कसरा सपष्ट गरेको छ ।

उपधारा ६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ  ।

## धारा ३९. बालबालिकाको हक

उपधारा १) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।



प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य,पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक, सहभागिताको हक हुनुका साथै कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्यजोखिमपूर्ण काममा लगाउन नपाइने साथै बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने,  सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ ।

## धारा ४०. दलितको हक

राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था , स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था , भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउने, राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ । दलित समुदायलाई यस धाराद्वारा प्रदत्त



सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्ने व्यवस्था गरेको छ ।

**धारा ४१. ज्येष्ठ नागरिकको हक**

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ४२. सामाजिक न्यायको हक**

उपधारा १) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हकको व्यवस्था गरेको छ ।

**४३. सामाजिक सुरक्षाको हक**

आर्थिक रूपले बिपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मूख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ ।

**४४. उपभोक्ताको हक**

उपधारा १) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने व्यवस्था गरेको छ ।

**४५. देश निकाला विरूद्धको हक**

कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

**४६. संवैधानिक उपचारको हक**

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

**४७. मौलिक हकको कार्यान्वयन**

यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्रकानूनी व्यवस्था गर्ने भन्ने व्यवस्था गरेको छ ।

**धारा ४८. मा नागरिकका कर्तव्य** : को बारेमा पनि उल्लेख गरेको छ

## नेपालको संविधानमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धि व्यवस्था

### सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीति (धारा ५१, ञ)

- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने ,
- जोखिममा परेका , सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनः स्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने,
- प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,
- बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्याङ्कन गर्ने,
- मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,
- राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

### न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति (धारा ५१, ट)

उपधारा १) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,
उपधारा

उपधारा २) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

### नेपालको संविधानमा संघीय शासन व्यवस्था

संविधानको भाग ५, धारा ५६ देखि ६० सम्मले राज्यको संघीय संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी आवश्यक व्यवस्था गरेको छ । धारा ५६ ले व्यवस्था गरेअनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा संघ, प्रदेश र

स्थानीयतह गरी तीन तह निर्धारण गरेको छ । यी संरचनाहरूले संविधान र कानून बमोजिम राज्य शक्तिको प्रयोग गर्नेछन् ।

## भाग-६: राष्ट्रपति र उपराष्ट्रपति

### संविधानको धारा ७०

बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी व्यवस्था गरेको छ ।

### संघिय संसदमा महिलाको प्रतिनिधित्वको सम्बन्धमा भएको व्यवस्था :

- संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त रूप) मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था छ । महिला सदस्य निर्वाचित हुननसकेमा त्यस्तो दलले समानुपातिक निर्वाचनका लागि आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुनेगरी निर्वाचित गर्न'पर्नेछ ।
- यसैगरी राष्ट्रपतिबाट मनोनीत हुने ३ जना मध्ये बाट १ जना महिला हुनुपर्ने व्यवस्था छ ।
- संघीय संसदको कुल ३३४ सदस्यमध्ये कम्तीमा यसको एक तिहाइ सदस्य अर्थात ११२ जना महिला सदस्य हुनुपर्ने व्यवस्था छ ।

### धारा ८६, राष्ट्रिय सभा

संविधानको धारा ८६ ले व्यवस्था गरेबमोजिम राष्ट्रिय सभा संघीय व्यवस्थापिका संसदको माथिल्लो सदन हो । यो एक स्थायी सदन हो र **यसमा ५९ जना सदस्य रहनेछन्** (जसमध्ये ५६ जना प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख (प्रत्येक प्रदेशबाट ३ जना महिला, एकजना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित ८ जना पर्ने गरी निर्वाचित गर्नेछ र बाँकी ३ जनामा एक जना महिला सहित नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित गर्नेछ ) ।

**सदनको नेतृत्वदायी पदमा महिला सहभागितालाई सुनिश्चित गर्न गरिएको व्यवस्था**

- **संविधानको धारा ९१ मा गरिएको व्यवस्था अनुसार** प्रतिनिधिसभाको सभामुख र उपसभामुख फरक फरक दलको हुनुपर्ने जसमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरिएको छ । भने धारा **९२ ले** राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्ने व्यवस्था गरेको छ ।

**प्रदेश सभामा महिला सहभागिताको सम्बन्धमा गरिएको व्यवस्था :**

- प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्दछ । यस अनुसार सात प्रदेशमा रहने कुल ५५० सदस्यमध्ये कम्तीमा १८४ जना महिला सदस्य निर्वाचित हुनु पर्दछ ।

- कुनै पनि राजनीतिक दलबाट प्रदेश सभा सदस्यको लागि भएको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा कम्तीमा एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा बन्द सूचीबाट उम्मेदवार निर्वाचित गर्दा कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने व्यवस्था गरेको छ ।

**प्रदेशसभाको नेतृत्वदायी पदमा महिला सहभागिता सुनिश्चित गर्न संविधानको धारा १८२ ले** प्रदेश सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरेको छ ।

**यसैगरी स्थानिय तहमा :**

- गाउँपालिका र नगरपालिका प्रमुख वा उपप्रमुख मध्ये एकजना महिला हुन पर्ने ।

- स्थानिय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जना सदस्य (वडाध्यक्ष र सदस्य) मध्ये कम्तीमा २ जना महिला सदस्य हुनु पर्नेछ ।
- संविधानको धारा २२२ (३) उपधारा (१) बमोजिम गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्महिलाको प्रतिनिधित्व हुनेछ । यसै गरी धारा २२३ (३) उपधारा (१) हुने नगरसभामा प्रत्येकवडा बाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरेको छ ।

- साथै वडातहमा कम्तीमा ४० प्रतिशत् महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

- गाउँ सभाको निर्वाचन पछी गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य गाउँ कार्यपालिकामा र नगर कार्यपालिकामा पाँचजना महिला सदस्य सम्बन्धित गाउँ सभा र नगरसभाले आफू मध्येबाट मनोनित गरि पठाउनु पर्ने व्यवस्था गरेको छ ।

## न्यायिक समिति

संविधानको धारा २१७ ले कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरपण गर्न गाउँपालिका र नगरपालिकाले प्रत्येक गाउँपालिकामा गाउँपालिकाका उपाध्यक्ष र नगरपालिकामा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । न्यायिक समितिमा गाउँ वा नगर सभाबाट आफुमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहने व्यवस्था गरेको छ ।

## जिल्ला सभा र जिल्ला समन्वय समिति

संविधानको धारा २२० ले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय तथा आवश्यक व्यवस्थापन गर्ने एक जिल्ला सभाको व्यवस्था गरेको छ । जिल्ला सभामा जिल्ला भित्रका प्रत्येक गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् । जिल्ला सभाले एक जना प्रमुख र एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र कम्तीमा एकजना दलित वा अल्पसंख्यक सहित बढिमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था गरेको छ ।

## नेपालको संविधानमा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न

तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर ाष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(३) राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

ओरेक नेपाल
पोष्ट बक्स नं. : १३२३३, काठमाडौं, नेपाल
फोन : ०१ ५१८६०७३
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
www.facebook.com/worecnepal.org